संक्षिप्त परिचय

# मालिका कृषि सहकारी

## संस्था लिमिटेड



# मालिका कृषि सहकारी संस्था लिमिटेड

लुम्बिनी अञ्चलको पहाडी क्षेत्रमा पर्ने गुल्मी जिल्ला भौगोलिक दृष्टिकोणले विकट जिल्ला मानिन्छ । यहाँका कृषकहरूको प्रमुख खाद्यान्न बाली मकै हो । यसमा जातीय सुधार ल्याई यसका उन्नत जातहरूमा कृषकको पहुँच बढाउने उद्देश्यले ली-बर्ड पोखराको सहयोगमा यसै जिल्लाको दक्षिणी भागमा अवस्थित सिमीचौर गा.वि.स. मा २०५५ फागुन २९ गते गठित कृषि अनुसन्धान समूह २०६२ असोज १३ मा जिल्ला कृषि विकास कार्यालय, गुल्मीमा 'मालिका बहूद्देश्यीय कृषक समूह' को नाममा दर्ता भएको हो । यो समूह दिगो कृषिका निमित्त कृषिमा आधुनिकीकरण एवं व्यवसायीकरण गरी कृषकहरूको जीवनस्तर उकास्न कृषि क्षेत्रसँग सम्बन्धित विभिन्न कार्यहरूमा सङ्लग्न हुँदै आएको छ । २०६८ भदौ ११ गतेदेखि यो संस्था 'मालिका कृषि सहकारी संस्था लीमिटेड' का नाममा सहकारीमा दर्ता भएको छ ।

## उद्देश्यहरु

- स्थानीय स्तरका बालीका जातहरूको संरक्षण एवम् प्रवर्द्धन गर्ने;
- स्थानीय बालीका जातहरूमा अनुसन्धान तथा विकासको प्रक्रियालाई अगाडि बढाउने;
- कृषि पेशालाई व्यवसायीकरण, विविधीकरण र आधुनिकीकरणतर्फ उन्मुख गराउने;
- आयआर्जनका निमित्त समूहका सदस्यहरूका लागि बचत सङ्कलन तथा ऋण प्रदान गर्ने;



- प्राविधिक एवम् सीपयुक्त दक्ष जनशक्ति तयार गर्न सहयोग गर्ने;
- स्थानीय स्रोत र साधनको अधिकतम प्रयोग गरी रोजगारी सृजना गर्ने;
- जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरी समूहलाई सुदृढ गर्दै लैजाने;
- बालीहरूमा विविधिकरण गराउने;
- गोठेमल सुधार गर्ने ।

## कार्यक्षेत्र

सिमीचौर गा.वि.स.का सबै वडामा ।

## हालसम्म यस सहकारीबाट गरिएका कार्यहरु यसप्रकार छन्:

### क. अनुसन्धान र विकास

- सामूहिक छनौट विधिद्वारा 'रेसुङ्गा कम्पोजिट' जातको मकैको विकास गरिएको;
- क्रसिङ्ग तथा छनौटद्वारा 'गुल्मी-२'



जातको मकैको विकास तथा विस्तार;
- मकैका विभिन्न जातहरूको जातीय परीक्षण, छनौट र तथ्याङ्क सङ्कलनमा निरन्तरता;
- मकैको बीजबृद्धि गरी पहाडी जिल्लाहरूमा उन्नत एवम् शुद्ध बीउको सुलभ आपूर्तिलाई निरन्तरता दिइएको;
- मस्याङको जातीय परीक्षण र बीजबृद्धि गरिएको;
- सामुदायिक बीउ बैंकको स्थापना ।

## ख. सामाजिक परिचालन

- समूह गठन, व्यवस्थापन र सुदृढीकरण एवम् सशक्तीकरणका कामहरू गरिएको;
- दलित र पिछडिएका वर्गको सशक्तीकरणका लागि विभिन्न कार्यहरू तर्जुमा गरिएको;
- समूह परिचालन तालिम;
- लेखा सम्बन्धी तालिम;
- जिल्ला बीउ उत्पादन समन्वय समिति गठन ।

## ग. जनचेतनामूलक कार्यहरु सञ्चालन र समन्वय

- जनचेतना अभिवृद्धि गर्न कृषकहरूलाई कृषक अवलोकन भ्रमणको आयोजना गरिएको;
- सरकारी तथा गैरसरकारी सङ्घसंस्थासँग समन्वय गरि काम गरिरहेको ।

## घ. बीउ उत्पादन र बिक्री

- २०५७ सालदेखि रामपुर कम्पोजिट, रेसुङ्गा कम्पोजिट, देउती, गुल्मी-२, मनकामना-३, मनकामना-५, मनकामना-६ जस्ता मकैका जातको बीजवृद्धि गर्दै २०६९ सालसम्ममा करिब २५ टन बीउ उत्पादन तथा बिक्रीवितरण गरिएको;
- २०६४ सालबाट मस्याङको बीउ उत्पादन गरी बिक्री शुरु गरिएको ।



## भावी योजनाहरू

- 'रेसुङ्गा कम्पोजिट' र 'गुल्मी-२' जातको मकैको क्षेत्र विस्तार गरी उन्मोचनका लागि प्रक्रिया अघि बढाएको;
- बीजबृद्धि क्षेत्र र मात्रामा विस्तार तथा बृद्धि गर्ने;
- बीउ-सङ्कलन केन्द्र तथा उपभोक्ता भण्डारण/बीउ बैंकको उचित व्यवस्थापन गर्ने;
- बीजबृद्धिमा आबद्ध कृषकहरूलाई आवश्यकतानुसार तालिम, अवलोकन भ्रमणका अवसरहरू प्रदान गर्ने;
- स्थानीय स्रोतसाधनहरूको सदुपयोग गर्दै प्राङ्गारिक मल र जैविक विषादी तयार गरी प्रयोग गर्ने;
- स्वरोजगार र आयआर्जनमा सहभागी बनाई सामाजिक र आर्थिक विकासमा टेवा पुऱ्याउने ।

## सहयोगी संस्थाहरू

- ली-बर्ड
- अन्तर्राष्ट्रिय गहुँ तथा मकैबाली अनुसन्धान केन्द्र (CIMMYT),
- गुल्मी-अर्घाखाँची विकास परियोजना, गुल्मी,
- जिल्ला कृषि विकास कार्यलय, गुल्मी,
- राष्ट्रिय मकैबाली अनुसन्धान कार्यक्रम, रामपुर, चितवन,
- सिमीचौर गाउँ विकास समिति, गुल्मी

## कार्यसमिति

- नौं सदस्यीय कार्यसमिति;
- प्रत्येक दुई वर्षमा साधारण सभा गरिने;
- तीन सदस्यीय ऋण उपसमिति गठन गरिएको ।


थप जानकारीका लागि:

मालिका कृषि सहकारी संस्था लिमिटेड, सिमीचौर-५, गुल्मी अथवा
जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड)

पो.ब.नं.: ३२४, पोखरा, कास्की • फोन: ०६१-५२६८३४, ५३५३५७
फ्याक्स: ०६१-५३९९५६ • इमेल: info@libird.org • वेब: www.libird.org



ब्रोसर प्रकाशन सहयोग: LI-BIRD CIMMYT

फोटोहरू: ली-बर्ड फोटो बैंक
डिजाइन: महेश श्रेष्ठ/ली-बर्ड